महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।२०

श्री प्रमुखज्यू,
चैनपुर नगरपालिका
संखुवासभा ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड, ६० लाख, रु.४७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.६५ लाख, १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१८ लाख ९९ हजार र पेश्की रु.१ करोड, ६२ लाख, ५२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १९(उन्नाइस) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदनस्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

चैनपुर नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो नगरपालिका अन्तर्गत ११ वडा, ५७नगर सभा सदस्य, २२३.६९ वर्ग कि.मी.क्षेत्रफल र २७३०८ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

आयतर्फ				व्ययतर्फ			
सि.नं.	**विवरण**	**रकम**	**रकम**	**सि.नं.**	**विवरण**	**रकम**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**		**९७७९२७२.४५**	१	**राजस्व (आन्तरिक व्यय)**		**१००२०२०.००**
	क) बैंक	९७७९२७२.४५			क) आन्तरिक राजस्व	१००२०२०.००	
२	**राजस्व (आन्तरिक आय)**		**६६२२७३२.६५**	२	**वित्तीय हस्तान्तरण**		**३१४९४२२२१.८८**
	क) आन्तरिक राजस्व	६६२२७३२.६५	०.००		क)वित्तीय समानीकरण अनुदान	१६६६२९४४५.०७	
३	**वित्तीय हस्तान्तरण**		**३४७७८४०००.०**		ख) सशर्त अनुदान	१४८३१२७७६.८१	
	क)वित्तीय समानीकरण अनुदान	१९८६५१०००.००		३	**सामाजिक सुरक्षा**	४३४८३६००.००	
	ख) सशर्त अनुदान	**१४९१३३०००.००**		४	**एल.जि.सि.डि.पि.**		**१३८५२०७.००**
४	**सामाजिक सुरक्षा**	४३४८३६००.००	**४३४८३६००.००**		चालु	८६१०००.००	
५	**एल.जि.सि.डि.पि.**	०.००	**१४६१०००.००**		पुजिगत	५२४२०७.००	
	चालु	८६१०००.००		५	**संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालय**	८३२६१६.२१	**८३२६१६.२१**
	पुजिगत	६०००००.००		६	**प्रदेश मन्त्रालय**	१३६४९८०.६७	**१३६४९८०.६७**
६	**संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालय**	८७१८४९.४३	**८७१८४९.४३**	७	**सडक मर्मत संम्भार (सडक वोर्ड)**	७२५१७२.७८	**७२५१७२.७८**
७	**प्रदेश मन्त्रालय**	१४०००००.००	**१४०००००.००**	८	**धरौटी फिर्ता**	२३२५९७३.१५	**२३२५९७३.१५**
८	**सडक मर्मत संम्भार (सडक वोर्ड)**	८९५५७८.००	**८९५५७८.००**	९	**मौज्दात**		**४८५०१४८१.९८**
९	**जिल्ला प्राविधिक कार्यालय (पुल हेरालु)**	६६०००.००	**६६०००.००**		क) बैंक मौज्दात	४८५०१४८१.९८	
१०	**जिल्ला शिक्षा कार्यालय**	१६६४०००.००	**१६६४०००.००**				
११	**विभिन्न संघसंस्था तथा खाताबाट प्राप्त**	२१३३३३.००	**२१३३३३.००**				
१२	**धरौटी आय**	३२१९०८.१४	**३२१९०८.१४**				
	जम्मा	**४१४५६३२७३.६७**	**४१४५६३२७३.६७**		**जम्मा**	**४१४५६३२७३.६७**	**४१४५६३२७३.६७**

केन्द्रिय राजस्वतर्फः

क्र.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
					___	___
१.	१५११२	८०६३७००.००	८०६३७००.००	८०६३७००.००	-	-
२.	११२११	१९१७३.७०	१९१७३.७०	१९१७३.७०	-	-
३.	११११२	१०५१९.५०	१०५१९.५०	१०५१९.५०	-	-
४.	११११११	२८५२.००	२८५२.००	२८५२.००	-	-
जम्मा		**८०९६२४५.२**	**८०९६२४५.२**	**८०९६२४५.२**	-	-

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम
१.	**घटी जिम्मेवारी :** पालिकाले गतवर्षको रु.४,७९,३०,०००।०० शुरु मौज्दात सार्नुपर्नेमा रु.९७,७९,२७२।००सारेकोले रु.३,८१,५०,७२८।००घटी जिम्मेवारी सारेको यकिन हुन सकिएन ।	
२.	**अन्तिम मौजदात :** पालिकाको २०७५ असार मसान्तको श्रेस्ता अनुसार रु.४८५०१४८१.९८ र बैंक अनुसार रु. ४,६८,१३,८०६।५४ रहेकोले रु. १६,८७,६७५।४४ घटी छानबिन गरी आवश्यक कारवाही गरी प्रतिकृया साथ पेश भएन ।	
३.	**बजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान पालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । सभाले मिति २०७४।१०।३, करिब ६ महिना पश्चात विनियोजन विधेयकढिलो पारित गरेको देखियो ।	
४.	**स्थानीय संचित कोषतर्फः**स्थानिय सरकार सञ्चालन ऐन ०७४ को दफा ७६ मा आय व्ययको लेखाप्रणाली, राजश्व र खर्च शीर्षकको वर्गिकरण सहितको स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कोषबाट खर्च भएको चौमासिक प्रगति, अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने, आयव्ययको विवरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने र सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी, संघीय, प्रदेश अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । सञ्चित कोषको आयव्ययको चौमासिक शीर्षकगत विवरण लगायत चौमासिक प्रतिवेदन बैंक हिसाव भिडान गरी आयव्यय दुरुस्त गरेको पाइएन । लेखा अध्यावधिक नहुँदा खर्च र आय एकिन हुन सकिदैन । जनशक्तिको न्यूनता, दक्षतामा कमी, पूर्वाधारमा कमी र प्रविधिकको न्यून ज्ञानले यी काम हुन नसकेको भनाई छ । लेखा र वित्तिय प्रणालीलाई पारदर्शि, उत्तरदायी जिम्मेवार बनाई आर्थिक अनुशासन कायम गराउन पूर्वाधार लगायत दक्षतामा सुधार गर्दै प्रविधिमा आधारित प्रतिवेदन प्रणाली अपनाउनु पर्दछ । साविक गाउ विकास समितिको कर्मचारी कल्याण कोष, खुल्ला दिशामुक्त कार्यक्रम (ग्रामीण सरसफाई कार्यक्रम ODF) कोष सञ्चालन र साविकको जिल्ला विकास समिति अन्तर्गत स्थानीय विकास कोष अन्तर्गत साविक गाउ विकास समितिमा हस्तान्तरण भएको विउ पुँजीकोषको हिसाव सञ्चित कोषको दायरामा ल्याई परिचालन गर्नुपर्ने देखिन्छ ।	
५.	**श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण	

	गरीकार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो गरेको पाइएन ।	
६.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम पालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलापको तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
७.	**आन्तरिक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । ● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । ● कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख अद्यावधिक र विश्वसनीय रुपमा राखेको छैन । ● समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन । ● मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको । ● आर्थिक कारोबारहरु मूल्य अभिवृद्धि कर दर्ता बेगरका फर्मसँग गरेको । ● पालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको । ● स्थानीय तहका पदाधिकारीका लागि पारिश्रमिकको व्यवस्था भई सकेको अवस्थामा नगरसभा, नगर कार्यपालिका, वडा समिति लगायतका बैठकका लागि भत्ता वापत खर्च लेख्ने गरेको । ● साना योजनाको छनौट र संचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई मितव्ययीता कायम हुन सक्ने नदेखिएको । ● अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान नदिएको ● दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर परेको । ● वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरि खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । ● खरिद इकाई गठन नगरेको र खरिद प्रक्रिया व्यवस्थित नरहेको ● सवारी साधन मर्मत अभिलेख म.ले.प. फाराम नं.२ र सवारी लगबुक राखेको पाइएन । ● आलेप प्रतिवेदन कार्यान्वयन एवं वेरुजु फछ्र्यौट नभएको ● अनुगमन प्रतिवेदन पेश नभएको ● प्रगति विवरण तयार नगरेको, कन्टिनजेन्सी अभिलेख नराखेको ● कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपनें सम्भावित जोखिमहरु पहिचान नगरेको	

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदैसेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिएको छ ।

८. **आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही पालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । बजेट प्रक्षेपण वास्तविक आम्दानी तथा खर्चमा निम्नानुसार अन्तर देखिन्छ ।बजेट प्रक्षेपण गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ ।

सि.नं	व्यहोरा	बजेट प्रक्षेपण	यर्थाथता	फरक रकम	फरक प्रतिशत	कैफियत
१.	आन्तरिक कर तथा आय	५३०२०००.००	६६२२७३२.६५	१३२०७३३.०	२४.९	बढी
२.	वित्तिय समानिकरण खर्च	१९८६५१०००.००	१६६६२९४४५.०७	३२०२१५५५	१६.१२	कम
३.	शसर्त अनुदान खर्च	१२३९८४०००.००	१४८३१२७७६.८१	२४३२८७७७	१९.६	बढी
४.	सामाजिक सुरक्षा	४६१३४४००.००	४३४८३६००.०	२६५०८००	५.७५	कम
५.	जि.स.स.बाटराजश्व बाँडफाड	२५००००.००	-	-	-	
६.	एल.जि.सि.डि.पि.	१६४३०००.००	१३८५२०७.००	२५७७९३	१५.६९	कम

९. **चौमासिक खर्च** : स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था अनुसार सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन । पूँजीगत कार्यक्रमतेश्रो चौमासिकमा खर्च भएको देखिन्छ ।

- पूँजीगत कार्यक्रम संचालनतर्फ जम्मा रु. १०,०९,१७,५२४.७मध्ये तेश्रो चौमासिकमा रु. ७,६९,२३,८७४.२२ (७६.२%) र आषाढ महिनामा रु.५,७७,७०,१५४.७४ (५७.२%) प्रतिशत खर्च भएको छ । कार्यक्रम अनुसार तोकिएको चौमासिकमा संचालन हुनुपर्दछ ।
- कार्यक्रम संचालनतर्फ रु.७२,४१,११०.०० मध्ये तेश्रो चौमासिकमा रु. ६९,३१,११०.०० (९५.७%) र आषाढ महिनामा रु.४६,४३,४२८.०० (६४.१%) खर्च भएको छ । तोकिएको चौमासिकमा तोके बमोजिम कार्यक्रम संचालन हुनुपर्दछ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्चमाविशेष ध्यान दिनुपर्दछ ।

१०. **फिर्ता नभएको:** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३३ मा निकासा भई खर्च नभएको फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम शर्सत अर्न्तगत रु. ६००,०००।०० निकासा भएकोमा रु.५,२४,२०७।०० खर्च गरी बाँकी रु.७५,७९३।०० फिर्ता गरेको नदेखिएकोले संघिय संचित कोष दाखिला हुनुपर्ने रु. ७५९३०.००

११. **आन्तरिक आय:** आय आर्जन गर्ने हरेक निकायले उल्लेखित फारम ढाँचाको राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । मालपोत दस्तुर, पञ्जीकरण शुल्क, विभिन्न किसिमका सिफारिश समेतबाट रु. ६६२२७३२.६५राजस्व आर्जन गरेकोमा आम्दानी रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टि गर्नका लागि प्रयोग गरिने दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८), राजस्वको बैंक नगदी किताब(म.ले.प.फा.न.२३)लगायतका खाता तथा विवरण राखेको पाइएन । अतः उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गर्नुका साथै संकल्न भएको राजश्व समयमा नै दाखिला गर्नुपर्दछ ।

१२. नगरसभा वैठकले प्रक्षेपित गरेको बजेटमा खर्च व्यहोर्ने श्रोततर्फ राजस्व बाँडफाँडबाट रु.२,५०,०००.००संकलन गर्ने अनुमान गरेकोमा उक्त शीर्षकमा रकम प्राप्त भएको देखिएन । वित्तीय आयोग, प्रदेश तह र स्थानीय तहबीच रकम बाँडफाँडको सम्झौता तथा

समझदारी भई नसकेको अवस्थामा राजस्व प्राप्त हुने अनुमान गरेकोले बजेट प्रक्षेपण यथार्थपरक देखिएन ।

वित्तीय समानीकरण चालुतर्फ :

१३. **पदाधिकारी सुविधा :** गाउँ तथा नगरसभाको सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसूची १क बमोजिम नगरपालिकाका देहायका पदाधिकारीले देहायको सुविधा पाउने व्यवस्था छ । प्रदेशले २०७५।२ मा बनाएको कानूनले २०७४।४।१ देखि खर्च लेखेको उपयुक्त र उचितदेखिएन ।

सि.नं.	सुविधाको प्रकार	इकाई	नगरप्रमुख १	उपप्रमुख १	वडा अध्यक्ष ११	कार्यपालिका सदस्य ८	वडा सदस्य १७
१	टेलिफोन मासिक	रु.	२५००	२५००	२०००	१०००	१०००
२	खाजा मासिक	रु.	४०००	३०००	३०००	०	०
३	इन्टरनेट मासिक	रु.	३०००	२५००	२०००	१५००	१०००
४	अनुगमन मासिक	रु.	७५००	६०००	२०००	०	१५००
५	खानेपानी विजुली मासिक	रु.	२०००	२०००	१०००	१०००	०
६	सरसफाई मर्मत मासिक	रु.	२०००	२०००	१०००	१०००	०
७	अतिथी सत्कार मासिक	रु.	२०००	२०००	१०००	०	०
८	सवारी साधन मासिक	रु.	८०००	६०००	२०००	२०००	१०००
९	प्रतिव्यक्ति मासिक	रु.	३१०००	२६०००	१४०००	६५००	४५००
२०७४/०७५		रु.	३७२०००	३१२०००	१८४८०००	६२४०००	९१८०००
२०७३/०७४ १३ दिनको			१३४३३	११२६७	६६७३७	२२५३६	३३१५०
जम्मा			**३८५४३३/-**	**३२३२६७/-**	**१९१४७३७/-**	**६४६५३६/-**	**९५१११५०/-**

१३.१ प्रदेश ऐन जारी हुनुपूर्वको १० महिना १५ दिनको सुविधा रु. ३५,६४,७५०।- र २०७३।०७४ १३ दिनको रु. १४७१२३।- समेत रु. ३७,११,८७३।- खर्च लेख्नु उचित र उपयुक्त देखिएन । यी सुविधाको अतिरिक्त आवास र सवारी सुविधा, अनुगमन भत्ता, दैनिक भत्ता समेत लिएको देखिदा एकीन गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१३.२ स्थानीय तहमा विविध खर्चको बजेट विनियोजन र खर्चको बाँडफाट नभएकोले पटक पटक नगरकार्यपालिकाले पारित गरी खर्च गर्दा विविध खर्च मासिक रुपमा उल्लेख गर्न सकिएन ।

१४. **पदाधिकारीले लिएको सुविधा :** आर्थिक सुविधाका अतिरिक्त पालिकाका पदाधिकारीहरुले देहाय बमोजिमका भौतिक सुविधा बुझेको देखियो ।

नाम थर	पद	आइप्याड	ल्याप्टप	मोटरसाइकल	आवास
भरत कुमार खत्री	नगरप्रमुख	१३२०००	०	०	भाडा वार्षिक- ३०००००अन्य -२२५०००
मुना श्रेष्ठ	नगरउपप्रमुख	०	५१५००	०	०
लोकबहादुर श्रेष्ठ	वडाध्यक्ष १	०	५१५००	२०००००	०
काजी शेर्पा	वडाध्यक्ष २	०	५१५००	०	०

बल बहादुर अधिकारी	वडाध्यक्ष ३	०	५१५००	०	०
धन बहादुर तामाङ्ग	वडाध्यक्ष ४	०	५१५००	०	०
काली बहादुर लिम्बु	वडाध्यक्ष ५	०	५१५००	०	०
नेत्र बहादुर डाँगी	वडाध्यक्ष ६	०	५१५००	०	०
पदम बहादुर तामाङ्ग	वडाध्यक्ष ७	०	५१५००	०	०
तेज बहादुर कटुवाल	वडाध्यक्ष ८	०	५१५००	०	०
भरत खड्का	वडाध्यक्ष ९	०	५१५००	०	०
टिकाराम तामाङ्ग	वडाध्यक्ष १०	०	५१५००	०	०
धर्मराज चौहान	वडाध्यक्ष ११	०	५१५००	०	०
जम्मा	१४,७५,०००/-	१,३२,०००/-	६,१८,०००/-	२,००,०००/-	५,२५०००/-

१५.	नगरप्रमुख भरत खत्रीले सवारी साधनवापत ९६०००।- वार्षिक लिएपछि पनि पुनः कार्यालयको सवारीसाधन प्रयोग गरेको देखिदा खर्च दोहोरो परेकोमा एकीन गरी असूलउपर गर्नुपर्ने रु.	९६,०००।-
१६.	नगर प्रमुखलाई प्रदेश ऐनले नतोकेको घरभाँडा लिई आवास सुविधावापत मासिक रु. २५,०००।- घर भाँडा र आवासमा उपयोग भएको पलङ्ग, सोफा, टिटेवल, पकाउने, पस्कने सामान लगायतको सुविधावापत यो वर्ष रु. ५,२५,०००।- बराबर खर्च लेखेकोमा पाउने आधार नदेखिदा एकीन गरी कानूनद्धारा व्यवस्थित गरी सुविधा दिन उपयुक्त हुने देखिन्छ ।	
१७.	**नगर प्रमुख र उपप्रमुखलाई सुविधाः-**२०७४।१०।३ को नगरसभाको निर्णय नं.६ बमोजिम नगरप्रमुखलाई मासिक रु. १०,०००।- र उपप्रमुखलाई मासिक रु. ५०००।- को दरले पारिश्रमिक दिने निर्णय गरी आफ्नो सुविधा आफै निर्धारण गरी यो वर्ष दुवैको रु. १,८०,०००।- सुविधा भुक्तानी लिएको उचित देखिएन । प्रदेश सरकारले तोकेको समेत सुविधा लिएकोले पालिकाबाट लिएको थप सुविधा रु. १,८०,०००।- को आधार स्पष्ट गरी आवश्यक कारवाही गर्नुपर्दछ ।	
१८.	**बढी भुक्तानीः-** पालिकाले सहायक लेखापाल गणेश लिम्बुलाई मासिक रु. २७६० को दरले स्थानीय भत्ता दिनुपर्नेमा रु. ३२१०।०० को दरले भुक्तानी गरेकाले मासिक रु.४५० दरले रु. ५४००।- बढी असूल गर्नुपर्ने रु.	५४००।-
१९.	**अतिरिक्त समय भत्ता :** लेखापाल रञ्जित कुमार साहलाई लेखाको काममा अतिरिक्त समयमा काम गरेको कामको विवरण र समयसमेत नराखी मासिक रु. १०,०००।- को दरले वार्षिक रु. १२००००।- नपाउने भत्ता भुक्तानी गरेको पाइयो । लेख्न नपाउने खर्च लेख्ने जिम्मेवार व्यक्तिबाट असूल उपर हुनुपर्ने रु.	१,२०,०००।-
२०.	**विरुवा खरिद र रोपण :**रोहण बन नर्सरीबाट अशोक ८०० प्रतिविरुवा १५०।- र कलमीलिची ८०० प्रतिविरुवा १८०।- को दरले दुवैको रु. २६४०००।- खर्च गरेको पाइयो । अशोकको विरुवा रोपण र लिचिको विरुवा रोपण गर्ने स्थान र कृषकलाई वितरण गरेकोमा लागत सहभागिता नगरी रोपण क्षेत्र अनुमान नगरी खरिद गरेको नदेखिदा सो विरुवा रोपण र हालको अवस्था समेत उल्लेख नहुदा खर्च उपयुक्त नदेखिएको रु.	२,६४,०००।-
२१.	**सीपमूलक तालिम :** कम्प्युटर होम एण्ड सप्लार्यसबाट कर्मचारी पदाधिकारी ४५ जनालाई कम्प्युटर तालिम दिएको भनी प्रतिव्यक्ति रु. ८७८०।- को दरले रु. ३९५५०५।- (मूल्य अभिवृद्धि कर वाहेक) का रु. ५१४१५।- समेत ४४६९१५।- भुक्तानी गरेको पाइयो । प्रमुख प्रशासकीय अधिकृतले पढाउने प्रशिक्षकको पारिश्रमिक २ घण्टा र भौतिक संरचना प्रतिघण्टा भाँडा निर्धारण गरी मूल्य घटाउनु पर्नेमा इकाई मूल्य नघटाई सिधै प्रतिव्यक्ति मूल्यमा तालिम चलाएकोमा तालिमको कार्यसम्पन्न र प्रमाणपत्र समेत नराखी भुक्तानी दिदा खर्च यर्थाथपरक नदेखिएकोले उल्लेख गरेपछि रु.२००,०००।०० मात्रखर्च जनाएको छ ।	

२२. **नश्लसुधारः-** जमुनापारी क्रस बोका २८ ओटा प्रतिगोटा रु. १७०००।०० को दरले कोशी कृषिकर्म सुनसरीबाट खरिद रु. ४७६००० भुक्तानी गरेको छ । व्यक्तिगत बाखापालनलाई २८ वितरण गरेको भनी खर्च लेख्दा बोका मात्र खरिद र अनुदानमा लागत साझेदारी नगरी अनुदान दिनु उपयुक्त नभएको रु.

४,७६,०००।-

२३. **घरभाडाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ अनुसार घरधनीसँग सम्झौता गरी सोही बमोजिम घर भाडा लिनुपर्दछ तथा भाडामा लिइ रहेको घरको सम्झौता अवधि समाप्त भए सो को नविकरण गर्नुपर्नेछ । । घर भाडा सम्झौंता २०७३।५।३० सम्म रहेको छ तर कार्यालयले घर भाडा सम्झौंता नविकरण नगरी यस आर्थिक वर्षको अन्त्यसम्म घर भाडा लिएको देखियो । विनानविकरण यो वर्ष भएको घर भाडा रु १७२०००।०० भुक्तानीनियमसम्मत देखिएन ।

२४. **औषधी खरिद :**आर्थिक कार्यविधि, नियमावली २०६४ को नियम ३६ मा खर्च प्रमाणित गर्ने आवश्यक कागजातहरु स्रेस्तासाथ राख्नुपर्ने व्यवस्था छ । गतवर्षको औषधी खरिद मूल्य, जिल्लास्थित अस्पतालको खरिद मूल्य र व्यावसायीको दररेटको आधारमा मात्र खर्च गरेको उचित नदेखिएको रु.

९,८०,५०९।-

औषधि खरिदको केहि उदाहरणहरु देहाय बमोजिम रहेको छ

सि.नं.	औषधीको विवरण	दर	परिमाण	जम्मा
१	एमोक्सीलिन ५००एमजी	५.८	२८०००	१६२४००
२	एमोम्सीलिन २५०एमजी	४.६	१००००	४६०००
३	सिप्रोफोल्म्ससिन ५००एमजी	७.६	१००००	७६०००
४	सिप्रोफोल्म्ससिन २५०एमजी	४.६	१००००	४६०००
५	विपी स्टुमेन्टगोटा	५	२२००	११०००
जम्मा				**३४१४००/-**

सिदार्थ फार्मेशी,सप्तरी र लक्ष्मी फर्मा धरानबाट एउटै मूल्यमा खरिद गरेको उक्त दरमा ठूलो खरिद गर्दा छुट नलिएबाट र टाढाबाट खरिद गर्दा बढी ढुवानी पर्ने भएतापनि एउटै दरमा टाढा दुरीको स्थानबाट खरिद गर्नु उपयुक्त र उचित देखिएन । खरिद गर्ने पदाधीकारीले जिल्लामा उपलब्ध दर, धनकुटाको दर र काठमाडौं स्वास्थ्य मन्त्रालय र विभागमा निशुल्क पाउने औषधीको माग नगरी खरिदमा उत्प्रेरित हुदा स्रोतको सही र उचित उपयोग मान्ने आधार रहेन । दाताले उपलब्ध गराएको अनुदान औषधीबारेमा एकीन गरेको पाइएन ।

२५. **मोवाइल फिर्ता :-** निमित्त प्रमुख प्रशासकीय अधिकृत राम बहादुर श्रेष्ठ पाचखपन नगरपालिका सरुवा हुदाँ रु. २७५००।- को मोवाइल फिर्ता नगरी रमाना लिई गएकाले सो मोवाइल फिर्ता हुनुपर्ने अन्यथा असूल उपर गर्नुपर्ने रु.

२७५००।-

समानिकरण पूँजिगततर्फ :

२६. **पदाधिकारी पेश्कीः-**स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले निर्वाचित प्रतिनिधित्वलाई प्रशासकीय कार्यको जिम्मेवारी दिएको देखिदैन । नगरपालिकाले देहायको पदाधिकारीलाई बजेट कार्यान्वयन गर्न पेश्की दिएको पाइयो । पदाधिकारीलाई प्रशासकीय कामको कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुँदा बजेट नियन्त्रण प्रणाली कमजोर हुने हुदाँ पदाधिकारीलाई पेश्की दिई काम गराउंदा कामको लागत अनुमान वेगर पेश्की सोही काममा खर्च हुने नदेखिएको रु.

२०,९५,०००/-

गो.भौ.नं.	मिति	रकम	काम	नामथर	पद
६	२०७४/६/६	१२५०००	वडा व्यवस्थापन	टिकाराम तामाङ्ग	वडाध्यक्ष
७	२०७४/६/६	१०००००	वडा व्यवस्थापन	लोक बहादुर श्रेष्ठ	प्रमुख प्रशासकीय अधिकृत

		१५००००	वडा व्यवस्थापन	भरत खड्का	वडाध्यक्ष
		२०००००	वडा व्यवस्थापन	बल बहादुर अधिकरी	वडाध्यक्ष
		२०००००	वडा व्यवस्थापन	तेज बहादुर कटुवाल	वडाध्यक्ष
८	२०७४/६/६	२०००००	वडा व्यवस्थापन	पदम कुमार तामाङ्ग	वडाध्यक्ष
		२०००००	वडा व्यवस्थापन	काली बहादुर लिम्वु	वडाध्यक्ष
		१०००००	वडा व्यवस्थापन	नेत्र डाँडी	वडाध्यक्ष
७६	२०७५/१/१४	२५००००	नगरस्तरीय फूटबल	मुना श्रेष्ठ	नगर उपप्रमुख
		३०००००	नगरस्तरीय फूटबल	बल बहादुर अधिकारी	वडाध्यक्ष
		७००००	नगरस्तरीय फूटबल	काली बहादुर लिम्बु	वडाध्यक्ष
१३६	२०७५/३/३	२०००००	खाँदवारी भ्रमण	भरत कुमार खत्री	नगरप्रमुख
	जम्मा	२०९५०००/-			

मेयर गोल्डकप

२७. **मेयर गोल्डकप :**प्रथम मेयर चैनपुर गोल्डकप भएको खर्च समर्थन गर्ने २०७५।३।२९ को बैठक बमोजिम देहायको खर्च समर्थन गर्ने निर्णय गरी खर्च गरेको देखियो ।

सि.नं.	खर्च शीर्षक	लगत अनुमान	वास्तविक खर्च	बढी खर्च	कैफियत
१	प्रचार प्रसार	१३००००	१६२९७६	३२९७६	
२	अतिथी सत्कार	२५००००	८४७६५९	५९७६५९	
३	स्वयमसेवक	११२०००	८००००	०	
४	खेल प्राविधिक व्यवस्था	३२५०००	३६६४८०	४१४८०	
५	खेल मैदान व्यवस्था	७५०००	२४६६६५	१७१६६५	
६	खाद्य आभास	९२००००	९०००००	०	
७	खेल सामाग्री	२९६०००	३०१४३७	५४३७	
८	झांकी मार्चपास	९००००	८५२८०	०	
९	यातायात खर्च	१५००००	१०५९००	०	
१०	स्वास्थ्य खर्च	६५०००	१९२७१	०	
११	मञ्च व्यवस्था	१३००००	१४९०००	१९०००	
१२	पुरस्कार	६७५०००	५९८६६६	०	
१३	विविध	०	८८७४९	८८७४९	
	जम्मा	**३२१८०००**	**३९५२०८३**	**९५६९६६**	

प्रथम मेयर चैनपुर गोल्डकपमा पदाधिकारी ज्यूहरुले पेश्की लिई बजेट भन्दा ५७९३०७।- बढी खर्च गरी कार्यपालिका बैठकबाट जिम्मेवारी भित्र नपर्ने खर्च समर्थन गरी खर्च लेखन अनुमोदन गर्नु उपयुक्त नभएको रु. ९५६,९६६।- बजेटरी नियन्त्रणको सीमामा रही खर्च नगर्नु उपयुक्त होइन ।

२७.१ पर्यटन प्रवर्धन अन्तर्गत खेल पर्यटन रु. ३९५२०८३ खर्च गर्दा सो व्ययको व्यहोर्ने स्रोत उद्योग वाणिज्य संघ, जिल्लास्थित होटल व्यवसायी संघ, विकास साझेदार अन्य संघसंस्था साथै विद्युत उत्पादन गर्ने कम्पनी लगायत व्यक्तिगत चन्दादाताबाट संकलन गरी नगरले

<table>
<tr><td></td><td>नेतृत्वदायी र सहयोगी भूमिका निर्वाह गनुपर्ने र स्रोतलाई स्वचालित बनाउनु पर्ने साथै सहभागी नगरस्तरीय टिमले खेल सहभागीता साथै लागत साझेदारीमा सम्पन्न गर्नुपर्नेमा सो नगर्दा स्रोत अनावश्यक र दोहोरो परी खर्च गरेको हुने सम्भावना हुँदा आउदा दिनमा सजगता अपनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.२</td><td>विजेता टिमलाई पुरस्कार रु. ५९८६६६ खर्च लेखेकोमा विजेता ३ टिमले पाएको पुरस्कार सम्वन्धित पालिकामा दाखिला गरी जानकारी प्राप्त गर्नुपर्नेमा सो पेश नहुदा संस्थागत खेल समूहगत विजेताको बाँडफाड बनेको देखिएको रु.</td><td>५,९६,६६६।-</td></tr>
<tr><td>२७.३</td><td>दोहोरो सुविधा : खेलमा सहभागिता जनाउने टिमको लागि आतेजाते खाना, वास र अन्य खर्च समेत आयोजक नगरले उपलब्ध गराएकोमा सहभागिता गराउने पालिकाले समेत खेलाडीहरुलाई सुविधा उपलब्ध गराएको जानकारीमा आएकोले खेलाडी टिमलाई उपलब्ध गराएको खाना, आवास र यातायात साथै अतिथी सत्कार समेत रु. १४७५९००।- दोहोरो नपरेको एकीन हुने अवस्था नभएको, नगद एक व्यक्तिले बुझेको मात्र विल राखेकाले खर्च स्पष्ट र पारदर्शी नहुँदा एकिन गर्न नसकिएको खर्च रु.</td><td>१४,७५,९००।-</td></tr>
<tr><td>२७.४</td><td>खर्चको विल : नगरस्तरीय गोल्डकप फूटबलमा देहायको खर्चको आधारमा रु. २०५६५०१।- खर्च लेखेको पाइयो । खर्चको पेश भएसम्मको स्रेस्ता परीक्षण गर्दा देहाय बमोजिम पाइयो ।
<table>
<tr><th>नाम थर</th><th>पद</th><th>पेश्की फछ्र्यौट</th><th>भुक्तानी</th><th>जम्मा खर्च</th></tr>
<tr><td>धन बहादुर तामाङ</td><td>उपसमिति</td><td>५००००</td><td>११२९७६</td><td>१६२९७६</td></tr>
<tr><td>मुना श्रेष्ठ</td><td>संयोजक</td><td>२५००००</td><td>२२०९०२</td><td>४७०९०२</td></tr>
<tr><td>बल बहादुर अधिकारी</td><td>वडाध्यक्ष</td><td>४१२०००</td><td>२६३८५७</td><td>६७५८५७</td></tr>
